# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
१ नं.प्रदेश, नेपाल

☎ ८००४६
८०५०९
८१७०६

प.स
च.नं.

मितिः-२०७७।०२।२८

**विषयः शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ! !!**

प्रथम पटक प्रकाशित मितिः २०७७।०२।२९

यस इटहरी उपमहानगरपालिकाको लागि तपसिल बमोजिमको फर्निचरका सामान खरीद गर्नु पर्ने भएको हुंदा इच्छुक संघसंस्था तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ । विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेभसाईड www.itaharimun.gov.np मा गई डाउनलोड गरी हेर्न नगरपालिकाको जिन्सि शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

शर्तहरू :

१. प्रति दरभाउपत्र फारम प्रति रू.१०००। (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउ पत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकरण भएको फर्मको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. २०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरीद गर्ने र १६ औं दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा तपसिलको रकम धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै.लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३/०५९०३०००००००३००००३ मा जम्मा गरि सो. को सक्कलै भौचर वा मान्यता प्राप्त बैंकको ३ महिना म्याद भएको विडवण्ड सक्कलै दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ ।

४. दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखित रूपमा गरेको स्वघोषणा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र दरभाउपत्र दाता फर्मको नाम, ठेगाना र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रूपले उल्लेख गरेको हुनुपर्ने छ ।

६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आम्सीक स्वीकृत गर्ने, घटी वा बढी अंक वालालाई दिने वा नदिने सो सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको फारममा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

९. दरभाउ खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१०. दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेख भएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोली पल्ट सो कार्यहरू हुनेछ ।

१२. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३. दरभाउदाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । साथै निजको जमानत समेत जफत हुनेछ ।

१४. नियमानुसार कर दस्तुर आदि दरभाउपत्र पेश गर्ने फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१५. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएको १५ दिन भित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ।

१७. सिलबन्धी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

१८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ प्रचलित कानुन अनुसार हुने छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दरभाउ पत्र खरीद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता गर्ने मिति र समय | दरभाउ पत्र खुल्ने मिति र समय | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | जिन्सी १/०७६/०७७ | फर्निचर सामान | २०७७।०३।१० गते कार्यालय समय भित्र | २०७७।०३।११ गते दिनको १२.०० बजेसम्म | २०७७।०३।१२ गते दिनको २ बजे पछी | रु १०००। | रू.५२०००। | |

## इटहरी उपमहानगरपालिकाको २०७६।०७७ का लागि आवश्यक फर्निचरको स्पेशिफिकेसन

| क्र.सं. | विवरण | सामानको स्पेशिफिकेशन | आवश्यक संख्या |
|---|---|---|---|
| १ | स्टील अफिस टेवल | २.५X५ फिटमा १ इन्च स्क्वायर पाईपमा १४ किलो पातामा बनेको फलामको ह्याण्डल भएको १८ एम.एम. को प्लाईको टपमा फरमाईका लागेको र ३ वटा घर्रा र एउटा पल्ला भएको | ५ |
| २ | स्टील अफिस टेवल | स्टील अफिस टेवल २.४ फिटमा १ इन्च स्क्वायर पाइपमा १४ किलो पातामा बनेको, फलामको ह्याण्डल भएको १८ एम.एम. को प्लाईको टपमा फरमाईका लागेको र ३ तीर फलामको पाताबाट घेरिएको १ वटा पल्ला र १ वटा घर्रा भएको | ३५ |
| ३ | स्टील फायल र्‍याक | ४ खण्ड भएको, शिशा लागेको, १२ किलो पातामा बनेको, छुटै ताला चावी भएको ६ फिटमा बनेको ७२"X३४"X१५" | ५ |
| ४ | स्टील बुक र्‍याक | ४ खण्ड भएको, शिशा लागेको, १२ किलो पातामा बनेको, छुटै ताला चावी भएको ६ फिटमा बनेको ६६"X३४"X१५" | २ |
| ५ | स्टील अफिस दराज | स्टील अफिस दराज ५.५ फिट उचाईको १२ किलोको फलामको पातामा बनेको भित्र १ वटा लकर भएको र ३ | १५ |

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | वटा खण्ड भएको ६६"X२०"X३४" को | |
| ६ | फिक्स कुर्सी | १ इन्च कालो पाईपमा बनेको १८X२१ को सिट भएको हत्ता भएको कालो मोडलमा २ बर्ष वारेन्टी भएको | |
| ७ | सोफासेट | सोफासेट (२+२+१) मा बनेको ५ जना बस्न मिल्ने, सुपर हाईडेन्सीटिको ४" फोम हालेको राम्रो इन्डियन मोटो कपडामा बनेको ५ बर्ष वारेन्टी भएको | १ |
| ८ | टीटेवल | टी टेवल २X४ फिटको १८ एम.एम. प्लाईमा बनेर फर्माइका लागेको | २ |
| ९ | ओपन र्‍याक | १.५" एंगलमा १२ किलोको फलामको सेफ बनेको चरा खण्ड भएको ७२"X३६"X१५ को साईजमा बनेको इनामेल पेन्ट गरेको | १२ |
| १० | स्टील थ्रिसिटर सोफा | स्टील थ्री सिटर फुल गलबनाईज फोम वाहेक इन्डियन मेड | १ |
| ११ | घुम्ने कुर्सी | ह्याभी स्टील बेस हाईड्रोलिक सिस्टम, पिभिसी ह्याण्डल पुस ब्याक सिस्टम | १० |
| १२ | विरामी जाँच्ने बेड | १८"X७२"X४२" को बेड र्‍याजिन खोल भएको ३" फर्म सहित | १५ |
| १३ | विरामी बस्ने टुल | चारखुट्टा भएको बस्ने ठाउँमा स्टील भएको तल माथि गर्न मिल्ने | २५ |
| १४ | फूट स्टेप | एक स्टेप भएको वा दुई स्टेप भएको | १० |

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३